अनुसूचि-१६

(दफा ३३ को उप दफा (२) संग सम्वन्धित )

श्री सिरियानाका सामुदायिक वन उपभोक्ता समूह, राजपुर गा.पा.-१, सिरियानाका, दाङ

काठ/दाउरा वोलपत्रद्वारा लिलाम विक्रीको सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/२/२० गते )

श्री सिरियानाका सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादित यस समुहको घाटगद्धीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरी २२ औं दिनमा प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिलः

१. वन पैदावारको विवरणः

| लट नं. | वनपैदावरको जात | ग्रेड | गोलिया थान | परिमाण | मूल्यांकन | |
|---|---|---|---|---|---|---|
| | | | | क्यू.फीट | न्यूनतम मुल्य रु | संकलन खर्च रु. |
| १ | खयर | | २१४८ | १०४६.७४ | १०४६७४० | २०९३४८ |
| | सतिसाल | | ४ | २.३९ | ३८२४ | ४७८ |
| | कर्मा | C | २ | ८.८३ | ८८३ | १७६६ |
| | **काठको जम्मा** | | २१५४ | १०५७.९६ | १०५१४४७ | २११५९२ |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः

क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८२/३/९ गते समय दिनको ५.०० वजे सम्म ।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८२/३/१० गते समय दिनको १२.०० वजे सम्म ।

ग) वोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परे सो को भोलि पल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

३. वोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको रा.वा. वैंक लिमिटेड लमही शाखामा रहेको खाता नं ४२९०१००००२२४४००१ मा नगद जम्मा भौचर वा वैंक ग्यारेन्टी गरेको कागजात, भौचर समावेश हुनु पर्नेछ।

४. वोलपत्र फारमको प्रति लटको रु. २,०००/- पछि फिर्ता नहुने गरी यस सामुदायिक वन उपभोक्ता समूह वा सम्वन्धित वन कार्यालयबाट खरिद गरि तोकिएको समयमा सामुदायिक वनको कार्यालयमा दाखिला गर्नु पर्ने छ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको राजपुर-१, सुकौलीनाका, दाङमा रहेको घाटगद्धि स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, वन कार्यालयमा सुचीकृत भएको प्रमाणपत्र वोलपत्र साथ पेश गर्नुपर्ने छ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२/३/१० मा दिनको २.०० वजे साक्षीहरुको रोहवरमा खोलिने छ। सो दिन विदा पर्न गएमा भोली पल्ट खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाइएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९.वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

अध्यक्ष

विकास भयर

अध्यक्ष

सिरियानाका सामुदायिक वन उपभोक्ता समुह